# स्थानीय राजपत्र

**बारेकोट गाउँपालिका, गाउँ सभाद्वारा प्रकाशित**

**खण्ड : ४** **संख्या : ७** **मिति : २०८१/०३/२५**


**भाग-१**

# औद्योगिक व्यवसाय ऐन, २०८०

**प्रमाणिकरण मिति २०८०।१०।२५**

**प्रस्तावना :**

गाउँपालिकाको औद्योगिक वातावरणलाई सुविधाजनक, लगानीमैत्री बनाई गाउँपालिका स्तरीय उत्पादकत्व र रोजगारीका अवसरमा अभिवृद्धि गर्न, गाउँपालिकामा उपलब्ध प्राकृतिक, भौतिक तथा मानवीय श्रोतको अधिकतम उपयोग गरि आयात प्रतिस्थापन तथा निर्यात प्रर्वद्धनमा जोड दिदैं औद्योगिक विकासको माध्यमबाट सबल, गतिशील, प्रतिस्पर्धी एवं उत्पादनमुखी अर्थतन्त्र निर्माण गर्न गाउँपालिका भित्र लघु, घरेलु तथा साना उद्योग दर्ता, नविकरण खारेजी र नियमन विकास प्रर्वद्धन गर्न आवश्यक भएकोले, नेपालको संविधान र सो अन्तर्गत बनेको स्वीकृत कार्य विस्तृतीकरण प्रतिवेदन २०७४ एवं स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरि बारेकोट गाउँपालिकाले औद्योगिक व्यवसाय ऐन, २०८० बनाई जारी गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षित नाम र प्रारम्भ** :(१) यस ऐनको नाम "औद्योगिक व्यवसाय विधेयक, २०८० रहेको छ ।

(२) यो ऐन बारेकोट गाउँपालिका, जाजरकोट क्षेत्रभित्र लागु हुनेछ ।

(३) यो ऐन बारेकोट गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः-**

(क) "उद्योग" भन्नाले दफा १५ बमोजिमको उर्जामूलक बाहेक आफ्नो उत्पादनको ६० प्रतिशत निर्यात गर्ने उद्योग सम्झनुपर्छ ।

(ख) "गाउँपालिका" भन्नाले बारेकोट गाउँपालिका सम्झनुपर्छ ।

(ग) "कार्यालय" भन्नाले बारेकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ र सो शब्दले उद्योग दर्ता गर्ने प्रयोजनको लागि गाउँ कार्यपालिकामा रहेको उद्योग तथा व्यवसाय प्रवर्द्धन शाखालाई समेत जनाउँछ ।

(घ) "दर्ता अधिकारी" भन्नाले बारेकोट गाउँपालिका गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ङ) "समिति" भन्नाले दफा १८ बमोजिम गठित उद्योग तथा लगानी प्रर्वद्धन समिति सम्झनुपर्छ ।

(च) "लघु उद्यम" भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (क) बमोजिमको उद्योग सम्झनुपर्छ ।

(छ) "घरेलु उद्योग" भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (ख) बमोजिमको उद्योग सम्झनुपर्छ ।

(ज) "साना उद्योग" भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (ग) बमोजिमको उद्योग सम्झनुपर्छ ।

(झ) "स्थीर पूँजी" भन्नाले दफा १६ बमोजिमको सम्पत्ति वा जायजेथा सम्झनुपर्छ ।

(ञ) "बौद्धिक सम्पत्ति" भन्नाले पेटेन्ट, डिजाईन, ट्रेडमार्क, सेवामार्क, भौगोलिक संकेत चिन्ह, व्यापारिक गोपिनियता सो सँग सम्बन्धीत अन्य औद्योगिक सम्पत्ति सम्झनुपर्छ र सो शब्दले प्रचलित कानुनले प्रचलित अधिकारको रुपमा परिभाषित गरेको विषयलाई समेत जनाउँछ ।

(ट) "विभाग" भन्नाले उद्योग विभाग वा घरेलु तथा साना उद्योग विभाग सम्झनुपर्छ ।

(ठ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

## परिच्छेद-२

## उद्योग दर्ता तथा नियमन सम्बन्धी व्यवस्था

३. **उद्योग दर्ता गराउनु पर्ने** :- (१) कसैले यस ऐन एवं प्रचलित कानुन बमोजिम दर्ता नगराई उद्योग यस गाउँपालिका भित्र उद्योगको स्थापना वा संचालन गर्न वा गराउन हुँदैन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित औद्योगिक व्यवसाय सम्बन्धी कानुन बमोजिम दर्ता भई संचालनमा रहेका उद्योगले यस ऐन बमोजिम उद्योग दर्ता गराउनु पर्ने छैन् ।

४. **उद्योग दर्ता गर्न निवेदन दिनुपर्नेः-** (१) यस ऐन बमोजिम उद्योग स्थापना गर्न चाहने व्यक्तिले अनुसूची-१ बमोजिमको विवरण र कागजात सहित तोकिएको ढाँचामा गाउँपालिका समक्ष निवेदन दिनुपर्नेछ । यस्ता कागजातहरु बिद्युतीय माध्यमबाट समेत प्रस्तुत गर्न सकिनेछ ।

(२) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि लघु उद्यम र घरेलु उद्योगको हकमा त्यस्तो उद्योग संचालन भएको मितिबाट छ महिना भित्र उद्योग दर्ता गर्न निवेदन दिन सकिनेछ ।

५. **उद्योग दर्ताको प्रमाणपत्र दिनुपर्ने** :- (१) दफा ४ बमोजिम उद्योग दर्ताका लागि परेको निवेदन जाँचबुँझ गर्दा आवश्यक विवरण तथा कागजात पुरा भएको र यो ऐन बमोजिमको प्रकृया पुरा भएको देखिएमा निवेदन परेको पन्ध्र दिन भित्र गाउँपालिकाले निवेदनमा माग भए बमोजिमको दर्ता ईजाजत जारी गरि अनुसूची-२ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र र अनुसूची-३ बमोजिमको ढाँचामा दर्ता गरिएको पत्र सम्बन्धीत उद्योगलाई दिनुपर्नेछ ।

(२) उद्योग दर्ता गर्दा वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरण परीक्षण गर्नुपर्ने भएमा सो गरेपछि मात्र उद्योग स्थापना संचालन, व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम उद्योग दर्ता गर्न बुझाएको कागजात सहितको निवेदन जाँचबुँझ गर्दा थप विवरण वा कागजात माग्नुपर्ने देखिएमा गाउँपालिकाले सम्बन्धीत निवेदकलाई यस्तो थप विवरण वा कागजात सात दिन भित्र पेश गर्न लगाउन सक्नेछ ।

(४) उपदफा (१) बमोजिम उद्योग दर्ताको प्रमाणपत्र दिदाँ अन्य कुराका अतिरिक्त देहाएका विवरणहरु समेत त्यस्तो प्रमाणपत्रमा खुलाउनु पर्नेछ ।

(क) उद्योग दर्ताको प्रमाणपत्र जारी भएको मिति,

(ख) उद्योगले व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नुपर्ने अवधि,

(ग) उद्योगले पालना गर्नुपर्ने शर्तहरु,

(घ) उद्योगको प्रकृति अनुसार तोकिए बमोजिमका अन्य शर्तहरु,

(ङ) उपदफा (३) बमोजिम माग गरको विवरण वा कागजात निवेदकले पेश नगरेमा वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको प्रकृया पुरा भएको नदेखिएमा गाउँपालिकाले कारण खुलाई उद्योग दर्ताको अस्वीकृत गर्नसक्नेछ र सो को जानकारी सम्बन्धित निवेदकलाई दिनुपर्नेछ ।

(५) यस दफा बमोजिम दर्ता भएको उद्योगले उद्योग दर्ता गर्ने निकायले समय समयमा दिएको निर्देशन तथा दर्ता प्रमाण पत्रमा उल्लेखित शर्तहरुको पालना गर्नु पर्नेछ ।

(६) यस ऐन बमोजिम उद्योग दर्ता, नविकरण तथा अन्य प्रशासनिक कार्य प्रत्योजित अधिकार भित्र रही प्रचलित कानुनसँग नबाझीने गरि गराउदाँ बारेकोट गाउँपालिकालाई तिर्नु र बुझाउनु पर्ने राजश्व तोकिए बमोजिम हुनेछ ।

६. **वातावरणमा प्रतिकूल अनुसारको निराकरण गर्नुपर्ने:** उद्योग सञ्चालनका क्रममा वातावरणमा परेको वा पर्न सक्ने वातावरणीय असरको निराकरण गर्ने जिम्मेवारी सम्बन्धित उद्योगको हुनेछ ।

७. **अनुमति लिनुपर्ने :** (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका उद्योग दर्ता गर्नु अघि प्रचलित कानूनमा तोकिएको नेपाल सरकार वा प्रदेश सरकारको सम्बन्धित निकायबाट अनुमति लिन पर्नेछ :

(क) अनुसुची १ मा उल्लिखित उद्योग,

(ख) विदेशी लगानी तथा प्रविधि हस्तान्तरण सम्बन्धी प्रचलित कानून बमोजिम नेपाल सरकारको स्वीकृत आवश्यक पर्ने उद्योग ।

(२) उपदफा (१) बमोजिम अनुमति आवश्यक पर्ने उद्योग दर्ता गराउन चाहने व्यक्तिले तोकिएको विवरण सहित तोकिएको ढाँचामा गाउँपालिका मार्फत नेपाल सरकार वा प्रदेश सरकारको उद्योग दर्ता सम्वन्धी निकाय समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदन र सोसँग सम्वन्धित कागजात जाँचबुझ गर्दा आवश्यक विवरण र कागजात संलग्न भएको देखिएमा गाउँपालिकाको आफ्नो राय सहित निर्णयको लागि तोकिएको निकाय समक्ष पेश गर्नेछ ।

(४) यस दफा बमोजिम समितिले उद्योग दर्ता गर्न अनुमति दिने वा नदिने सम्वन्धमा एक महिनाभित्र निर्णय गरिसक्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम तोकिएको निकायबाट अनुमति दिने निर्णय भएकोमा त्यस्तो निर्णयको जानकारी प्राप्त गरेको मितिले पन्ध्र दिनभित्र गाउँपालिकाले तोकिएको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ ।

(६) अनुमतिपत्र प्राप्त गरेपछि अनुमतिपत्रमा उल्लेख भएको समयावधिभित्र उद्योग दर्ता गर्न निवेदन दिनु पर्नेछ ।

(७) उपदफा (४) बमोजिम तोकिएको निकायबाट उद्योग दर्ता गर्न अनुमति नदिने निर्णय भएमा सात दिनभित्र गाउँपालिकाले निवेदकलाई सोको जानकारी दिनु पर्नेछ ।

८. **व्यावसायिक उत्पादन वा कारोवार प्रारम्भ गरेको जानकारी दिनुपर्ने:** (१) यस ऐन बमोजिम दर्ता भएको उद्योगले दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधिभित्र उद्योग

सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्नु पर्नेछ र सो को जानकारी गाउँपालिकालाई गराउनु पर्नेछ ।

(२) कुनै उद्योगले उपदफा (१) बमोजिम उद्योग संचालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्न नसकेमा सो को कारण खुलाई उद्योग दर्ता प्रमाणपत्रमा उल्लेखित अवधि समाप्त हुनुभन्दा कम्तीमा एक महिना अगाडी त्यस्तो अवधि बढाउनका लागि गाउँपालिका समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त हुन आएमा र निवेदनमा उल्लिखित कारण मनासिब देखिएमा गाउँपालिकाले त्यस्तो उद्योगको संचालन वा व्यावसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्न अवधि तोकिए बमोजिम बढाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम अवधि बढाइएमा सम्बन्धीत उद्योगले सो अवधिभित्र उद्योगको संचालन वा व्यावसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्नु पर्नेछ ।

(५) उपदफा (२) बमोजिम अवधि बढाउन निवेदन नदिएमा वा उपदफा (१) बमोजिमका अवधि वा उपदफा (३) बमोजिम बढाइएको अवधिभित्र पनि त्यस्तो उद्योगले उद्योग संचालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोवार प्रारम्भ नगरेमा त्यस्तो उद्योगको दर्ता प्रमाणपत्र स्वत: रद्ध हुनेछ ।

(६) उपदफा (५) बमोजिम उद्योगको दर्ता प्रमाणपत्र रद्ध भएमा गाउँपालिकाको अभिलेखमा रहेको त्यस्तो उद्योगको दर्ता प्रमाणपत्रमा कारण खुलाई रद्ध भएको व्यहोरा जनाउनु पर्नेछ र सो को अभिलेख अद्यावधिक गर्नु पर्नेछ ।

९. **उजुरी गर्न सक्ने** : (१) गाउँपालिकाले दफा ५ को उपदफा (५) बमोजिम उद्योग दर्ता गर्न अस्वीकृत गरेमा सो उपस्थित नबुझ्ने निवेदकले त्यस्तो जानकारी पाएको तीस दिनभित्रमा गाउँपालिका समक्ष उजुरी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी परेमा गाउँपालिकाले उजुरी उपर आवश्यक जाँचबुझ गरि उजुरी परेको मितिले पैतीस दिनभित्र सो सम्बन्धमा आवश्यक निर्णय गर्नेछ ।

१०. **अनुगमन गर्ने**: (१) गाउँपालिका वा कार्यालयले उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना गरे नगरेको सम्बन्धमा उद्योगको नियमित अनुगमन गर्न सक्नेछ ।

(२) गाउँपालिका वा कार्यालयले उपदफा (१) बमोजिमको अनुगमनको सिलसिलामा सम्बन्धीत उद्योगबाट कुनै जानकारी वा विवरण माग गर्न सक्नेछ ।

(३) ईन्जिन उपकरण वा मेशीनको प्रयोग गरेको भएमा बढीमा दश किलोवाटसम्मको क्षमताको विद्युतीय उर्जा प्रयोग गरेको ।

(४) अनुसूची-२ मा उल्लेख भए बमोजिमका उद्योगहरु

**११. उद्योगको पूँजी वृद्धि, क्षमता वृद्धि, उद्येश्य थप, परिवर्तन गर्न वा स्थानान्तरणको लागि स्वीकृति दिनुपर्नेः-** (१) कुनै उद्योगले आवश्यकता अनुसार पूँजी वृद्धि, क्षमता वृद्धि, उद्येश्य थप, परिवर्तन वा हेरफेर वा स्थानान्तरण गर्न चाहेमा सोको स्वीकृतिका लागि उद्योग दर्ता गर्ने निकाय समक्ष तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा आवश्यक जाँचबुझ गरी उद्योग दर्ता गर्ने निकायले तोकिएबमोजिमको प्रकृया पुरा गरि त्यस्तो उद्योगको पूँजी वृद्धि, क्षमता वृद्धि, उद्येश्य थप, परिवर्तन वा हेरफेर गर्न तिस दिनभित्र स्वीकृत दिनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको निवेदन प्राप्त हुन आएमा यस ऐन बमोजिम वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने भएमा सो समेत सम्पन्न गरि गाउँपालिकाले उद्योग उत्पादन वा कारोवार प्रारम्भ गरेपछि तोकिए बमोजिमको स्थानान्तरणको स्वीकृति दिन सक्नेछ ।

**१२. विवरण उपलब्ध गराउनु पर्नेः-** (१) प्रत्येक उद्योगले व्यावसायिक विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र गाउँपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश गर्नुपर्ने विवरण तोकिए बमोजिम बिद्युतीय माध्यमबाट समते पेश गर्न सकिनेछ ।

**१३. उद्योग बन्द गरेमा जानकारी दिनु पर्नेः** यस ऐन बमोजिम दर्ता भएको उद्योग उद्योगीले कुनै कारणले बन्द गरेमा वा उद्योगको व्यावसायिक उत्पादन वा कारोवार स्थगन गरेमा त्यसरी बन्द वा स्थगन गरेको मितिले सातदिन भित्र त्यस्को जानकारी गाउँपालिकालाई तोकिए बमोजिम दिनु पर्नेछ ।

**१४. उद्योग दर्ता खारेज गर्न निवेदन दिन सकिनेः** (१) कुनै कारणले उद्योग संचालन गर्न नसकिने भएमा त्यस्तो उद्योगको दर्ता खारेजीको लागि गाउँपालिका समक्ष तोकिए बमोजिमको कागजात सहित तोकिएको ढाँचामा निवेदन दिन सकिनेछ ।

तर प्रचलित कानुन बमोजिम दामासाहीमा परेको अवस्थामा सोको कानुन बमोजिम हुनेछ ।

## परिच्छेद-३
## उद्योगको वर्गीकरण तथा स्थिर पूँजी

**१५. उद्योगको वर्गीकरण** : (१) यस ऐनको प्रयोजनका लागि उद्योगहरुलाई देहाय बमोजिम वर्गीकरण गरिएको छ ।

**(क) लघु उद्यम** :-देहायको अवस्था भएको उद्योगलाई लघु उद्यम मानिनेछ ।

(१) घर जग्गा बाहेक बढीमा रु २० लाख रुपैया पूँजी रहेको,

(२) उद्यमी स्वयम् उद्योगको संचालन र व्यवस्थापनमा रहेको,

(३) उद्यमी सहित बढीमा नौ जना कामदार रहेको,

(४) वार्षिक कारोवार १ करोड भन्दा कम रहेको,

(५) ईन्जिन, उपकरण वा मेशीनको प्रयोग भएमा ईन्जिन, उपकरण वा मेशीनमा खपत हुन विद्युतीय उर्जा इन्धन वा अन्य तेल इन्जिन क्षमता बीस किलोवाट वा सो भन्दा कम रहेको ।

तर, उपखण्ड (१) देखि (५) सम्म जुनसुकै कुरा लेखिएको भएतापनि अनुसूची-१ बमोजिम स्वीकृति लिनुपर्ने उद्योगलाई लघु उद्यम मानिने छैन।

**(ख) घरेलु उद्योग**:- देहायको अवस्था भएको उद्योगलाई घरेलु उद्योग मानिनेछ ।

(१) परम्परागत सीप र प्रविधिमा आधारित,

(२) श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ वा स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित,

(३) इन्जिन, उपकरण वा मेशीनको प्रयोग गरेको भएमा बढीमा पचास किलोवाट सम्मको क्षमताको बिद्युतीय उर्जा प्रयोग गरेको.

(४) अनुसूची-१ मा उल्लेख भए बमोजिमका उद्योगहरु,

**(ग) साना उद्योग** : लघु उद्यम र घरेलु उद्योग बाहेकको पन्ध्र करोड रुपैयाँ भन्दा बढी स्थीर पूँजी भएको उद्योग.

**(घ) मझौला उद्योग** : पन्ध्र करोड रुपैयाँ भन्दा बढी पचास करोड रुपैयाँसम्म स्थीर पूँजी भएको उद्योग,

**(ङ) ठुला उद्योग** : पचास करोड रुपैयाँ भन्दा बढी स्थिर पूँजी भएको उद्योग,

(२) उपदफा (१) मा उल्लिखित उद्योगलाई त्यस्ता उद्योगबाट उत्पादन हुने वस्तु वा सेवाको प्रकृतिको आधारमा देहाय बमोजिम वर्गीकरण गरिएको छ ।

**(क) ऊर्जामूलक उद्योग** : ऊर्जा उत्पादन गर्ने व्यवसायमा संलग्न अनुसूची-२ मा उल्लिखित उद्योगहरु,

**(ख) उत्पादनमूलक उद्योग** : कच्दापदार्थ सहायक कच्चा पदार्थ वा अर्धप्रशोधित कच्चा पदार्थको प्रयोग वा प्रशोधन गरी मालवस्तु उत्पादन गर्ने उद्योगहरु,

**(ग) कृषि तथा वन पैदावारमा आधारित उद्योग** : कृषि वा वन पैदावारमा आधारित कच्चा पदार्थबाट कुनैवस्तु उत्पादन गर्ने वा कृषि वा वन पैदावारसँग सम्बन्धीत अनुसूची-४ मा उल्लेख गरिएका उद्योगहरु,

**(घ) खनिज उद्योग** : प्रचलित कानुनले तोके अनुसारको बारेकोट गाउँपालिका क्षेत्राधिकार भित्रका खनिज उत्खनन् वा प्रशोधन गरी कुनै धातु वा धातु बाहेकका खनिज पदार्थ उत्खनन् उत्पादन गर्ने उद्योगहरु,

**(ङ) पूर्वाधार उद्योग** : भौतिक पूर्वाधार निर्माण गरी संचालन गर्ने अनुसूची-४ मा उल्लेख गरिएका उद्योगहरु,

(च) **पर्यटन उद्योग:** पर्यटन सेवासँग सम्बन्धीत अनुसूची-५ मा उल्लिखित उद्योगहरु,

(छ) **सूचना, प्रविधि संचार तथा सूचना प्रशारण प्रविधिमा आधारित उद्योग:** प्रचलित कानुनले तोके अनुसारको बारेकोट गाउँपालिकाको क्षेत्राधिकार भित्रका सूचना संकलन, प्रशोधन र प्रसारणका लागि प्रविधि प्रयोग गरि सूचना, सञ्चार वा सूचना प्रसारण प्रविधिको सेवा उपलब्ध गराउने अनुसूची-६ मा उल्लिखित उद्योगहरु,

(ज) **सेवामूलक उद्योग :** सेवा उत्पादन वा प्रदान गर्ने अनुसूची-७ मा उल्लिखित उद्योगहरु

(३) कुनै उद्योगले दफा ११ बमोजिम पूँजी वृद्धि, क्षमता वृद्धि, उद्येश्य थप, परिवर्तन वा हेरफेर वा स्थानान्तरण भएमा त्यस्तो उद्योग उपदफा(१) बमोजिम जुन वर्गमा पर्ने हो सोही वर्गमा स्वत: वर्गीकृत भएको मानिनेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि बोर्डको सिफारिशमा बारेकोट गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी कुनै उद्योगलाई उद्योगको वर्गीकरणमा समावेश गर्न वा कुनै एक वर्गमा समावेश भएको उद्योगलाई कुनै अर्को वर्गमा रहने गरि व्यवस्था गर्न सकिनेछ ।

(५) प्रचलित कानून बमोजिम दर्ता भएका तोकिए बमोजिमका सहकारी संस्थाले सो संस्थाको स्वामित्वमा रहने गरि उद्योग दर्ता गर्न चाहेमा यस ऐन बमोजिम उद्योग दर्ता सकिनेछ ।

(६) यो ऐन प्रारम्भ हुनुअघि अन्य सरकारी निकायमा दर्ता भएका उद्योगहरु यो ऐन जारी भएपछि स्वत: दर्ता कायम भएको मानिनेछ ।उक्त उद्योगहरुको नविकरण तथा अन्य प्रशासनिक कार्यहरु पनि यसै ऐन बमोजिम हुनेछ ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाको कार्यालयले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरि कुनै उद्योगलाई उद्योगको वर्गीकरणमा समावेश गर्न सक्नेछ ।

(८) उपदफा (१) र (२) बमोजिमका उद्योगबाट प्राप्त जानकारी वा विवरणबाट त्यस्तो उद्योग संचालनमा कुनै किसिमको समस्या भएको देखिएमा सम्बन्धीत उद्योगसँग परामर्श गरि गाउँपालिका कार्यालयले त्यस्तो उद्योगलाई आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

१६. **उद्योगको स्थिर पूँजी** : (१) यस ऐनको प्रयोजनको लागि उद्योगको स्थिर पूँजीको मूल्याङ्कन गर्दा देहायका सम्पत्तिलाई आधार मानी मूल्याङ्कन गरिनेछ ।

(क) जमिन वा जमिनमुनि (अन्डरग्राउन्ड), अन्तरिक्ष, जल वा जलमुनि निर्माण वा सुधार भएका भौतिक संरचना,

(ख) जमिनमाथि निर्माण भएका भौतिक संरचना (जस्तै: ढल निकास, आन्तरिक सडक, खानेपानीका संरचना, पानी आपूर्ति गर्ने प्रणाली)

(ग) उद्योगको कार्यालय, कारखाना, भवन वा गोदामघर,

(ङ) विद्युत आपूर्ति तथा सोसँग सम्बन्धीत उपकरण वा प्रणाली,

(च) मेशीनरी, उपकरण, औजार तथा तिनका जगेडा पाटपूर्जा,

(छ) परिवहनका साधनहरु,

(ज) कार्यालय सामग्री तथा उपकरण,

(झ) फिक्चसर तथा फर्निचर,

(२) उपदफा (१) मा उल्लिखित सम्पत्तिका अतिरिक्त उद्योग स्थापना हुनुभन्दा अघि वा निर्माणको चरणमा भएको देहायका खर्चलाई पनि उद्योगको स्थिर पूँजीको रुपमा मूल्याङ्कन गरिनेछ :-

(क) पूँजीकृत गरिने प्राविधिक तथा सुपरिवेक्षण खर्च,

(ख) पूर्व लगानी तथा पूर्व संचालन खर्च,

(ग) पूँजीकृत हुने ब्याज खर्च,

(घ) उद्योग संचालन पूर्वको वातावरणीय अध्ययन र अनुसन्धान खर्च ।

१७. **प्राथमिकता प्राप्त उद्योगः** (१) यस ऐनको अनुसूची-८ मा उल्लखित उद्योगहरुलाई बारेकोट गाउँपालिकामा प्राथमिकता प्राप्त उद्योग मानिनेछ।

(२) उपदफा(१) मा जुनसुकै कुरा लेखिएता भए पनि संघीय औद्योगिक व्यवसाय ऐनमा उल्लेख भएको प्राथमिकता प्राप्त उद्योग बारेकोट गाउँपालिकाको पनि प्राथमिकता प्राप्त उद्योग हुनेछ ।

## परिच्छेद-४

## उद्योग तथा लगानी प्रवर्द्धन समिति सम्बन्धी व्यवस्था

१८. **उद्योग तथा लगानी प्रवर्द्धन समिति गठन:** (१) उद्योगको प्रवर्द्धन, स्थापना, लगानी अभिवृद्धि, संरक्षण र विस्तार गरि औद्योगिकरणको गतिलाई तीव्रता दिने उद्देश्यले सहजिकरण तथा समन्वय सहित आवश्यक नितीगत निर्णय गर्न देहाय बमोजिमको एक उद्योग तथा लगानी प्रर्वद्धन समिति गठन गरिएको छ ।

(क) गाउँपालिका अध्यक्ष -अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष -उपाध्यक्ष

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) गाउँपालिकाले तोकेको गाउँपालिकाका सदस्य मध्येबाट १ जना महिला सहित २ जना (आर्थिक विकास पूर्वाधार विकास विषयगत शाखा हेर्ने) -सदस्य

(ङ) गाउँपालिका उद्योग वाणिज्य संघको अध्यक्ष वा निजले

तोकेको प्रतिनिधी -सदस्य

(च) नेपाल घरेलु तथा साना उद्योग महासंघ लेकबेशी शाखाको प्रमुख वा निजले तोकेको प्रतिनिधी -सदस्य

(छ) बैंक तथा वित्तीय संघसंस्था तथा सहकारीको प्रमुख वा प्रतिनिधी -सदस्य

(झ) उद्योग क्षेत्रमा ख्याति कमाएका उद्योगी, उद्योग विद्वासो क्षेत्रमा पर्याप्त ज्ञान आर्जन गरेका व्यक्ति मध्ये अध्यक्षले तोकेको १ जना व्यक्ति -सदस्य

(झ) उद्योग तथा व्यवसाय प्रवर्द्धन महाशाखा वा शाखाको प्रमुख -सदस्य सचिव

(२) समितिले आवश्यकता देखेमा सम्बन्धित विषयसँग विज्ञ स्वदेशी तथा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(३) समितिको सचिवालय गाउँपालिकामा रहनेछ ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधी समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिले गरेका निर्णयहरु तथा गरेका कामहरुको विवरण मासिक रुपमा सचिवालयले समितिको अध्यक्ष समक्ष पेश गर्नुपर्नेछ ।

१९. **समितिको काम, कर्तव्य र अधिकार** : (१) यस ऐन बमोजिम समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) औद्योगिक प्रर्वद्धन लगानीको संरक्षण, अभिवृद्धि तथा औद्योगिकीकरण सम्बन्धी नितीगत निर्णय गर्ने ।

(ख) उद्योगसँग सम्बन्धित कानुनको कार्यान्वयनमा कुनै बाधा, अड्काउ वा द्विविधा उत्पन्न भएमा त्यस्को समाधानको लागि सहजिकरण गर्ने ।

(ग) गाउँपालिकाको समग्र औद्योगिककरण सम्बन्धी नितीगत, कानुनी, संस्थागत र प्रक्रियागत संरचनामा एवं कार्य प्रणालीको नियमित समीक्षा गरी त्यस्मा आवश्यक सुधार गर्न गाउँपालिका समक्ष सुझाव तथा सफारिश गर्ने ।

(घ) प्रचलित कानुनको अधीनमा रही विदेशी लगानी र प्रविधि हस्तान्तरण सम्बन्धी आवश्यक नितीगत निर्णय गर्ने ।

(ङ) औद्योगिक प्रदुर्षण नियन्त्रण सम्बन्धी नितीगत निर्णय गर्ने ।

(च) गाउँपालिकाको सम्रग औद्योगिक विकासको स्थितिलाई समीक्षा गरि आवश्यक कदम चाल्न गाउँपालिका समक्ष सुझाव तथा सिफारिश गर्ने ।

(छ) यस ऐन तथा प्रचलित कानुन बमोजिम उद्योगले पाउने सेवा, सुविधा तथा सहुलियत उद्योगहरुलाई उपलब्ध गराउन कुनै कठिनाई आइपरेमा सोको निराकरण गर्ने ।

(ज) उद्योगको गुनासो सुनुवाई गरि समस्या समाधान गर्ने वा गराउने तथा सम्बन्धीत निकायलाई मार्गदर्शन गर्ने ।

(झ) उद्योगको स्तरर वर्गीकरण तथा प्रकृतिमा थप घट वा परिमार्जन गर्नुपर्ने भएमा गाउँपालिका समक्ष सिफारिश गर्ने ।

(ञ) औद्योगिक लगानी तथा विदेशी लगानी अभिवृद्धि गर्न तथा प्रोत्साहन दिन आवश्यकता अनुसार अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिश तथा सुझाव पेश गर्ने ।

(ट) उद्योगबाट उत्पादित वस्तु वा सेवाको गुणस्तर सुनिश्चित गर्ने सम्बन्धमा आवश्यकता नीतिगत निर्णय गर्ने ।

(ठ) एकिकृत औद्योगिक सूचना व्यवस्थापन प्रणालीको विकास गरि प्रयोगमा ल्याउन गाउँपालिकालाई आवश्यक सुझाव दिने ।

(ड) सार्वजिनक निजी र सहकारी क्षेत्रको प्रभावकारी, समन्वयात्मक र सामजस्यपूर्ण कार्यमा प्रतिस्पर्धात्मक औद्योगिक वातावरण निर्माण गर्न आवश्यक कार्य गर्ने वा गराउने।

(ढ) गाउँपालिकामा औद्योगिक गतिविधीलाई तिव्रता दिन आवश्यक कार्ययोजना तयार गर्न लगाई कार्यान्वयनमा ल्याउने ।

(ण) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि उद्योगको विकासमा प्रत्यक्ष असर वा प्रभाव पर्ने विषयसँग सम्बन्धीत निती तर्जुमा गर्दा वा त्यस्मा परिवर्तन गर्दा समितिले आवश्यक परामर्श दिने ।

१९. **समितिको सदस्यले निर्णय प्रक्रियामा भाग लिन नहुने** : (१) समितिको बैठकमा निर्णयको लागि पेश हुने कुनै कार्यसूचीको सम्बन्धमा हुने निर्णय प्रक्रियामा निजले भाग लिन हुन्न ।

(२) उपदफा (१) बमोजिमको अवस्था आई परेमा सम्बन्धीत सदस्यले सदस्य-सचिव मार्फत समितिलाई जानकारी गराउनु पर्नेछ ।

(३) उपदफा (१) विपरीत हुने गरी निर्णय भएको देखिएमा त्यस्तो निर्णय स्वत: बदर हुनेछ ।

२०. **गोपनियता कायम राख्नुपर्ने:** (१) समितिको कामको सिलसिलामा आफ्नो जानकारीमा आएका कुनै सूचना अनाधिकृत तवरले अन्य कुनै व्यक्तिलाई उपलब्ध गराउन वा कसैको लाभ, हित वा फाईदाको लागि प्रयोग गर्ने वा गराउन हुदैन ।

(२) उपदफा (१) विपरीत समितिको अध्यक्ष, सदस्य-सचिव बैठकमा आमन्त्रित व्यक्ति वा कर्मचारीले कुनै काम गरेमा निजले पदिय आचरण पालना नगरेको मानिनेछ ।

## परिच्छेद-५

## उद्योगलाई प्रदान गरिने छुट, सुविधा वा सहुलियत सम्बन्धी व्यवस्था

२१. **आयकर सम्बन्धी छुट, सुविधा वा सहुलियत** : यस ऐन अन्तर्गत दर्ता भएको उद्योगलाई नेपाल कानुनमा तोके बमोजिम आयकर छुट सुविधा वा सहुलियत प्राप्त हुनेछ ।

२२. **मूल्य अभिवृद्धि कर र भन्सार महशुल सम्बन्धी छुट, सुविधा वा सहुलियत** : यस ऐन बमोजम दर्ता भएको उद्योगलाई प्रचलित नेपाल कानुनमा तोके बमोजिम मूलेय अभिवृद्धि कर र भन्सार महशुल सम्बन्धी छुट सुविधा वा सहुलियत प्राप्त हुनेछ ।

२३. **लघु उद्यमको लागि अन्य सुविधा एवं सहुलियत** : (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि यस ऐन बमोजिम लघु उद्यम दर्ता गर्दा शुल्क वा दस्तुरमा २५ प्रतिशतसम्म छुट हुनेछ ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत संचालनमा रहेका लघु उद्यमलाई यो ऐन जारी भएको मितिले र यस ऐन बमोजिम दर्ता भई संचालनमा आएको लघु उद्यमलाई व्यवसाय वा कारोवार शुरु गरेको मितिले प्रचलित नेपाल कानुनमा तोकिएको अवधिसम्म आयकर छुट प्राप्त हुनेछ ।

२४. **महिला, दलित तथा जनजाति विपन्न/अति विपन्न उद्यमीका लागि थप सुविधा** : (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि महिला, दलित तथा जनजाति उद्यमीको मात्र स्वामित्व रहने गरि उद्योग दर्ता गरिएमा त्यस्तो उद्योग दर्ता गर्दा प्रचलित कानुन बमोजिम लाग्ने उद्योग दर्ता दस्तुरमा ३५ प्रतिशत छुट हुनेछ ।

(२) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि महिला उद्यमीको मात्र स्वामित्व रहनेगरि दर्ता भएको उद्योगमा प्रयोग गरिने औद्योगिक सम्पत्ति दर्ता गराउँदा प्रचलित कानुन बमोजिम लाग्ने दस्तुरमा २० प्रतिशत छुट हुनेछ ।

(३) महिला उद्यमीले औद्योगिक क्षेत्रमा उद्योग स्थापना गर्न चाहेमा औद्योगिक क्षेत्र भित्रको स्थान प्राथमिकता आधारमा तोकिए बमोजिम उपलब्ध गराईनेछ ।

(४) महिला उद्यमीले मात्र स्वामित्व रहेको उद्योगले आफ्नो औद्योगिक उत्पादन नियती गर्ने प्रयोजनको लागि कर्जा माग गरेमा महिला उद्यमीका व्यवसायको वित्तिय स्थितिको आधारमा तोकिए बमोजिम निर्यात कर्जा उपलब्ध गराउन सकिनेछ साथै विपन्न तथा अति विपन्नलाई प्राथमिकता दिईनेछ ।

२५. **औद्योगिक क्षेत्रमा संचालित उद्योगहरुका सम्बन्धमा विशेष व्यवस्था** : औद्योगिक क्षेत्रभित्र संचालनमा आएका उद्योगमा प्रचलित कानुन बमोजिम स्थानिय स्तरमा लाग्ने सम्पत्ति कर लगायतका स्थानीय करहरु लाग्ने छैन् ।

२६. **थप सुविधा तथा सहुलियत** : देहायका उद्योगहरुलाई दफा २१, २२ र २३ मा उल्लिखित छुट सुविधा तथा सहुलियतका अतिरिक्त देहाय बमोजिमका थप सुविधा तथा सहुलियत दिन सकिनेछ :-

(क) वनपैदावरमा आधारित उद्योगलाई कबुलियत वा लिजमा आवश्यक शर्त तोकि कुनै खास क्षेत्रको वन प्रचलित कानुन बमोजिम भोगाधिकार उपलब्ध गराउन सकिन्छ ।

(ख) उद्योगले आफ्नो प्रयोजनको लागि उत्पादन गरेको बिद्युतमा प्रचलित कानुन बमोजिम लाग्ने दस्तुर वा रोयल्टी लाग्ने छैन ।

(ग) उद्योगले आफ्नो प्रयोजनको लागि उत्पादन गरेको बिद्युत बढी भई विक्री गर्न चाहेमा विक्री गरिने बिद्युतको परिमाणमा आपसी सहमतिबाट कायम भएको दरमा प्रचलित कानुन बमोजिम विक्री गर्न सक्नेछ ।

(घ) निर्यातमूलक उद्योग विशेष औद्योगिक क्षेत्र वा सरकारी वा निजी औद्योगिक क्षेत्रमा स्थापना हुने तोकिए बमोजिमका उद्योगलाई प्रचलित नेपाल कानुनमा तोके बमोजिम थप सुविधा तथा सहुलियत उपलब्ध गराउन सक्नेछ ।

(ङ) राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग वा स्थानीय कच्चा पदार्थ, श्रम र सीपको अधिकतम उपयोग वा नेपा भित्रै प्रविधि वा वस्तुको आविष्कार गरि स्थापना भएका उद्योगहरुको लागि समितिको सिफारिशमा गाउँपालिकाले गाउँपालिकाको राजपत्रमा सूचना प्रकाशन गरि थप सुविधा तथा सहुलियत दिन सक्नेछ ।

(च) बिद्युत आपूर्ति नभएको समयमो अनुपातको आधारमा उद्योगले तिर्ने बिद्युत महशुलमा लागि आएको डिमान्ड चार्ज तोकिएको आधारमा तोकिएको कार्यविधी अपनाई गाउँपालिका वा नेपाल सरकारले छुट दिन सक्नेछ ।

(छ) अति अविकसित क्षेत्रमा उद्योग स्थापना गर्न सहकारी, लघू उद्यम र साना उद्योगलाई विउ पूँजी सिड क्यापिटलको रुपमा गाउँपालिकाले स्थानिय राजपत्रमा सूचना प्रकाशन गरि तोके बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

२७. **जग्गा सम्बन्धी व्यवस्था:** यस ऐन वा प्रचलित कानुन बमोजिम दर्ता भएका उद्योगका लागि आवश्यक जग्गा सम्बन्धी उद्यमीले प्रचलित कानुन बमोजिम आफैले खरिद गर्नुपर्नेछ । तर तोकिए बमोजिमका उद्योग संचालन गर्ने उद्यमीले उद्योगका लागि आवश्यक जग्गा खरिद गर्न नसकेमा सोही व्यहोरा खुलाई जग्गा खरिद गर्ने वा जग्गा उपलब्ध गराईदिन अनुरोध गरेमा गाउँपालिकाले प्रचलित कानुन बमोजिम जग्गा खरिद गर्न वा जग्गा उपलब्ध गराईदिन सम्बन्धमा आवश्यक समन्वय र सहजीकरण गर्नेछ ।

२८. **लिजमा जग्गा उपलब्ध गराउने** : (१) राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग संचालन गर्न नेपाल सरकारको स्वामित्वमा रहेकव जग्गा आवश्यक पर्ने भएमा त्यस्ता उद्योगले आफुलाई आवश्यक पर्ने जग्गाको क्षेत्रफल खुलाई उपलब्ध गराउन गाउँपालिका समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा गाउँपालिकाले उद्योगलाई आवश्यक पर्ने जग्गा उपलब्ध गराउने सम्बन्धमा आवश्यक कारवाही अगाडी बढाउन नेपाल सरकार समक्ष पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएको मितिले छ महिनाभित्र नेपाल सरकारले प्रचलित कानुन बमोजिम त्यस्तो जग्गा उद्योग संचालनको प्रयोजनको लागि सम्बन्धित उद्योगलाई लिजमा उपलब्ध गराउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा लिजमा उपलब्ध गराए वापत उद्योगले तिर्नुपर्ने ।

रकम र लिज सम्बनेधी अन्य शर्तहरु नेपाल सरकार र सम्बन्धीत उद्योग बिच हुने सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(५) यस दफा बमोजिम लिजमा जग्गा प्राप्त गरि संचालन भएको उद्योग कुनै कारणवश संचालन हुन नसकेमा उपदफा (३) बमोजिम नेपाल सरकारले उपलब्ध गराइएको जग्गाको लिज सम्झौता स्वत: रद्ध हुनेछ र त्यस्तो जग्गा नेपाल सरकारले फिर्ता लिनेछ ।

२९. **जग्गाको अधिकतम हदबन्दीमा छुट** : (१) कुनै उद्योगलाई आवश्यक पर्ने जग्गा प्रचलित कानुन बमोजिम राख्न पाउन जग्गाको अधिकतम हद भन्दा बढी भएमा सो बढी भएसम्मको जग्गा राख्ने छुट पाउन त्यस्तो उद्योगले उद्योग गाउँपालिका मार्फत नेपाल सरकार समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा उद्योगको आवश्यकताको आधारमा नेपाल सरकारले प्रचलित कानुन बमोजिम तोकिएको शर्तको अधीनमा रही तोकिएको हदसम्मको जग्गा राख्न पाउने गरि छुट दिन सक्नेछ ।

३०. **छुट, सुविधा वा सहुलियतको प्रत्याभुति** : (१) यो ऐन प्रारम्भ हुँदाको बखत दर्ता भई संचालनमा रहेका उद्योगलाई यस ऐन र प्रचलित कानुन बमोजिम प्रदान गरिएको छुट सुविधा वा सहुलियतलाई सिमित गर्ने गरि कुनै व्यवस्था गरिने छैन ।

(२) यो ऐन प्रारम्भ हुनुभन्दा तत्काल अघि बहाल रहेको औद्योगिक व्यवसाय ऐन, २०४९ र औद्योगिक व्यवसाय ऐन, २०७३ अन्तर्गत अनुमति प्राप्त गरि वा दर्ता गरि संचालनमा रहेको उद्योगले सो ऐन बमोजिम अवधि किटिएका छुट सुविधा वा सहुलियतका छुट सुविधा वा सहुलियत पाउने छ ।

(३) यो ऐन प्रारम्भ हुनु अघि दर्ता भएको वा अनुमति प्राप्त गरेको तर यो ऐन प्रारम्भ भएपछि मात्र व्यावसायिक उत्पादन वा कारोवार प्रारम्भ गरेको

उद्योगले यस ऐन बमोजिमका छुट सुविधा वा सहुलियत पाउने छ । तर यस्तो उद्योग दर्ता वा अनुमति प्राप्त गर्दाका बखत कायम रहेको औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानुन बमोजिम छुट, सुविधा वा सहुलियत पाउने अवधि यस ऐनले प्रदान गरेको छुट सुविधा वा सहुलियत भन्दा बढी अविधको भएमा वा यस ऐन बमोजिम त्यस्तो छुट, सुविधा वा सहुलियत पाउने भएमा तत्काल प्रचलित औद्योगिक व्यवसाय सम्बन्धी कानुन बमोजिमको छुट, सुविधा वा सहुलियत पाउने छ ।

३१. **औद्योगिक सुरक्षा सम्बन्धी व्यवस्था** : प्रचलित कानुन बमोजिम स्थापना भएको उद्योगको लागि आवश्यकता अनुसार नेपाल सरकारसँग समन्वय गरि गाउँपालिकाले तोके बमोजिम औद्योगिक सुरक्षा उपलब्ध गराउने छ ।

३२. **छुट, सुविधा वा सहुलियतको दुरुपयोग गर्न नहुने** : यस ऐन बमोजिम वा प्रचलित कानुन बमोजिम उद्योगले प्राप्त गर्ने छुट, सुविधा वा सहुलियत जुन प्रयोजनका लागि लिएको हो सोही प्रयोजनका लागि मात्र प्रयोग गर्नु पर्नेछ र त्यस्को दुरुपयोग पाईने छैन ।

## परिच्छेद-६
## रुग्ण उद्योग सम्बन्धी व्यवस्था

३३. **रुग्ण उद्योगको पहिचान** : (१) उद्योगले आफ्ना व्यावसायिक उत्पादन वा कारोवार प्रारम्भ गरेको मितिदेखि न्यूनतम ५ वर्ष संचालनमा रही नियतवश वा व्यवस्थापकीय कमजोरीका कारणले नभई काबु बाहिरको परिस्थिति परि लगातार पछिल्ला ३ वर्षसम्म उद्योगको जडित क्षमता भन्दा ३० प्रतिशत वा सो भन्दा कम क्षमतामा संचालन भई सो ३ वर्षको अवधिमा घाटामा संचालनमा रहेको उद्योगलाई तोकिए बमोजिमको मापदण्डका आधारमा तोकिए बमोजिमको कार्यविधी अपनाई गाउँपालिकाले रुग्ण उद्योगको रुपमा पहिचान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रुग्ण भई बन्द अवस्थामा रहेको उद्योगले रुग्ण हुनुभन्दा पहिले रोजगारी सिर्जना वा आयात प्रतिस्थापन वा निर्यात प्रर्वद्धन गरि स्वदेशी वा विदेशी मुद्रा आर्जन गर्न योगदान पुर्याएको आधारमा तोकिए बमोजिमको निश्चित छुट, सुविधा वा सहुलियत उपलब्ध गराउँदा पुनःसंचालनमा आउन सक्ने अवस्था देखिएमा गाउँपालिकाले त्यस्तो उद्योगको पुनरुत्थान, पुननिर्माण तथा व्यवस्थापनका लागि तोकिए बमोजिम आवश्यक व्यवस्था गर्न सक्नेछ ।

३४. **रुग्ण उद्योगको वर्गीकरण**: दफा ३३ बमोजिम पहिचान भएका उद्योगहरुलाई तोकिए बमोजिमको मापदण्डका आधारमा रुग्ण र रुग्णउन्मुख उद्योगका रुपमा वर्गीकरण

गरि त्यस्ता उद्योगहरुको व्यवस्थापनका लागि तोकिए बमोजिमको लागि आवश्यक व्वस्था गर्न सकिनेछ ।

**३५. रुग्ण उद्योग सम्बन्धी सुविधा, सहुलियत तथा छुट** : (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि दफा ३३ बमोजिम रुग्ण उद्योगको रुपमा पहिचान भएको वा दफा ३४ बमोजिम वर्गीकरण गरिएको उद्योगले त्यस्तो उद्योगको पूर्णसंचालन वा विविधीकरणका लागि आयात गर्ने मेशीनरी औजार वा उपकरणमा तोकिए बमोजिम महशुल, शुल्क बाहेकमा पूर्ण वा आशिंक छुट दिन सकिनेछ ।

(२) उपदफा (१) मा उल्लिखित सुविधाका अतिरिक्त त्यस्ता उद्योगको पूर्ण उत्थान, पूननिर्माण तथा व्यवस्थापनका लागि तोकिए बमोजिमका अन्य थप सुविधा सहुलियत तथा छुट उपलब्ध गराउन सकिनेछ ।

**३६. रुग्ण उद्योग सम्बन्धी संस्थागत व्यवस्था** : (१) यस परिच्छेद बमोजिम रुग्ण उद्योगकव पहिचान, वर्गीकरण र पुर्नउत्थान पुननिर्माण तथा व्यवस्थापनका लागि सुझाव दिन गाउँपालिकाले सम्बन्धीत क्षेत्रका विशेषज्ञहरु समेत रहेको एक उच्चस्तरीय निकाय गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित निकायको संरचना, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-७
## सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था

**३७. सजाय सम्बन्धी व्यवस्था** :

(१) कसैले यस ऐन बमोजिम उद्योग दर्ता गराई वा नगराई उद्योग स्थापना वा संचालन गरे वा नगरेको सम्बन्धमा गाउँपालिकाले तोकिए बमोजिम आवश्यक अनुगमन, छानविन वा निरीक्षण गर्दा यस ऐन बमोजिम एवं प्रचलित कानुन बमोजिम उद्योग दर्ता नगराई उद्योग स्थापना वा संचालन गरेको पाईएमा गाउँपालिकाले त्यस्तो उद्योग स्थापना वा संचालन गर्ने व्यक्ति तथा सोसँग सम्बन्धीत विवरण सहितको प्रतिवेदन तयार गरि कारबाहीका लागि प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यपालिकामा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिवेदन प्राप्त हुन आएमा गाउँपालिका कार्यपालिकाले त्यस्तो व्यक्तिलाई यस ऐन बमोजिम उद्योग दर्ता गराई संचालनमा ल्याउन र सोको प्रमाण पेश गर्न बढीमा ३ महिनाको समय दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको समयावधि भित्र उद्योग दर्ता नगर्ने व्यक्तिलाई गाउँपालिकाले देहायका कारबाही गर्न सक्नेछ :-

(क) त्यस्तो व्यक्तिले स्थापना वा संचालन गरेका उद्योग बन्द गर्न आदेश दिने,

(ख) उद्योगको स्तर यकिन गरि सोको आधारमा लघु उद्यमस्तरको भए १० हजार देखि २५ हजार रुपैया सम्म घरेलु तथा साना उद्योगको स्तर भए २५ हजार देखि १ लाख रुपैयासम्म जरिवाना गर्ने ।

(४) उपदफा (३) बमोजिम तोकिएको विवरण तोकिएको अवधिभित्र उपलब्ध नगराएमा गाउँपालिकाले प्रत्येक आर्थिक वर्षको लागि देहायका उद्योगलाई देहायको जरिवाना गर्न सक्नेछ :-

(क) लघु उद्यमलाई १० हजार रुपैयाको दरले

(ख) घरेलु उद्योगलाई १५ हजार रुपैयाका दरले

(ग) साना उद्योगलाई २५ हजार रुपैयाका दरले

(५) देहायका कार्य गरेमा गाउँपालिकाले देहाय बमोजिमको सजायका लागि नेपाल सरकार समक्ष सिफारिश गर्न सक्नेछ :-

(क) दफा ३२ विपरीत कार्य गर्ने उद्योगलाई यस ऐन बमोजिमको छुट, सुविधा वा सहुलियत नदिने वा त्यस्तो छुट, सुविधा वा सहुलियत प्राप्त गरिसकेको भए प्राप्त गरेको छुट, सुविधा वा सहुलियतको रकम असुल गर्ने वा सो बराबरको रकम जरिवाना गर्ने वा दुबै सजाय गर्ने,

(ख) दफा ४३ बमोजिम व्यवसायिक सामाजिक जिम्मेवारी बहन नगरेमा त्यस्तो उद्योगको वार्षिक कारोवारको ०.७५ प्रतिशतले हुन आउने रकम जरिवाना गर्ने,

(ग) दफा ५ को उपदफा (६) बमोजिम गाउँपालिकाले समयसमयमा दिएको निर्देशन तथा उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना नगरेमा वा दफा २९ को उपदफा (२) बमोजिमको शर्त पालना नगरेमा देहायको उद्योगकोलाई देहाय बमोजिमको जरिवाना गर्न सक्नेछ :-

(१) लघु उद्यमको हकमा २५ हजार देखि १ लाख रुपैयासम्म,

(२) घरेलु तथा साना उद्योगको हकमा २ लाख देखि ५ लाख रुपैयासम्म,

(घ) खण्ड (ग) बमोजिम जरिवाना गर्दा समेत दफा ५को उपदफा (६) बमोजिम गाउँपालिका समय समयमा दिएको निर्देशन तथा उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना नगरेमा वा दफा २७ को उपदफा (२) बमोजिमको शर्त पालना नगरेमा त्यस उद्योगलाई निश्चित अवधिका लागि उद्योग संचालन बन्द गराउन आदेश दिने वा त्यस्तो उद्योगको दर्ता वा अनुमति खारेज गर्न आदेश दिन सक्ने,

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीको अन्य कुनै प्रावधान उल्लंघन गरेमा लघु उद्यम भए १५ हजार रुपैयासम्म घरेलु तथा साना उद्योग भए १५ हजार देखि ३० हजार रुपैयासम्म जरिवाना गर्ने,

(६) यस दफा बमोजिम सजाय गर्नुभन्दा अघि सजाय गर्ने अधिकार प्राप्त अधिकारीले सम्बन्धी उद्योग वा व्यक्तिलाई आफ्नो सफाई तथा सबुत पेश गर्न १५ दिनको समय दिनुपर्नेछ,

३८. **पूनरावेदन सम्बन्धी व्यवस्था :** दफा ३७ बमोजिमको सजायको आदेश उपर चित्त नबुझेमा सजायको जानकारी पाएको मितिले ३५ दिन भित्र त्यस्तो उद्योग वा व्यक्तिले सम्बन्धीत उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद-८
## विविध

३९. **विशेष आर्थिक क्षेत्र सम्बन्धी व्यवस्था :** औद्योगिक कृयाकलापलाई सघनरुपमा, संचालन गर्नका लागि निर्यात प्रर्वद्धन क्षेत्र वा निर्यात प्रशोधन क्षेत्र वा विशेष आर्थिक क्षेत्र वा विशेष व्यापारिक क्षेत्र वा पर्यटकिय वा अन्य कुनै क्षेत्र रहने गरि गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरि गाउँपालिकाको कुनै स्थान वा क्षेत्रलाई तोक्न सक्नेछ ।

४०. **औद्योगिक जनशक्ति :**

(१) उद्योगलाई आवश्यक पर्ने जनशक्ति नेपाली नागरिकबाटै पूर्ति गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय राष्ट्रियस्तरको सार्वजनिक पत्रपत्रिका मा विज्ञापन प्रकाशन गर्दा पनि उद्योगको लागि चाहिने कुनै खास सीप वा दक्षता भएको जनशक्ति नेपाली नागरिक मध्येबाट उपलब्ध हुन नसकेमा वा उच्च व्यवस्थापन तहको पदमा उपदफा (३) बमोजिम गाउँपालिकाको सिफारिशमा प्रचलित नेपाल कानुन बमोजिम नेपाल सरकारको स्वीकृति लिई बढीमा पाँच वर्षसम्मको लागि त्यस्तो उगले विदेशी नागरिक नियुक्त गर्न सक्नेछ ।

(३) उपदफा (२) को प्रयोजनको लागि नेपाल सरकारले सिफारिश गर्दा त्यस्तो उद्योगले माग गरे बमोजिमको सीप वा दक्षता भाषाको जनशक्ति उद्योगलाई आवश्यक भए नभएको र त्यस्तो जनशक्ति नेपालमा उपलब्ध हुन सक्ने वा नसक्ने सम्बन्धमा गकिन गरि त्यस्तो जनशक्ति सम्बन्धित उद्योगलाई आवश्यक भएको र नेपालमा उपलब्ध हुन नसक्ने अवस्था रहेको देखिएमा नेपाल सरकार समक्ष श्रम स्वीकृतिको लागि सिफारिश गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम नियुक्त गरिएको विदेशी नागरिक विशिष्ट प्रकारको प्राविधिक भई त्यस्तो जनशक्ति ५ वर्षसम्मको लागि पुनः नियुक्त गर्न सकिनेछ ।

(५) उपदफा (२) बमोजिम कुनै उद्योगाम विदेशी नागरिक नियुक्त भएमा निजको देशमा परिवत्य विदेशी मुद्रा प्रचलनमा रहेको भए विदेशी नागरिकले प्राप्त

गरेको तलब, भत्ता, पारिश्रमिक रकमको बढीमा पचत्तहर प्रतिशतसम्म परिवत्य विदेशी मुद्रामा लैजान पाउनेछ ।

(६) सुदृढ औद्योगिक सम्बन्धलाई उत्पादकत्व वृद्धिको आधार मानी काम नगर्दको अवधिको पारिश्रमिक दिनुपर्ने छैन् । यस सम्बन्धमा श्रम वा प्रचलित कानुनले निर्दिष्ट गरे बमोजिम हुनेछ ।

(७) उद्योगमा कार्यरत कामदार तथा कर्मचारीले उद्योगको संचालन तथा त्यस्को उत्पादनमा बाधा अवरोध पुग्ने गरी बन्द हडताल जस्ता कुनै पनि काम कारबाही गर्न पाउने छैनन् । तर कामदार तथा कर्मचारीले आन तथा त्यस्को उत्पादनमा बाधा अवरोध पुग्ने गरि बन्द हडताल जस्ता कुनै पनि काम कारबाही गर्न पाउने छैनन् । तर कामदार तथा कर्मचारीले आफ्नो जायज मागहरु शान्तिपूर्ण ढंगले व्यवस्थापन समक्ष राख्र र आपसी समझदारीमा समाधान गर्न यो उपदफाले बाधा पुर्याएको मानिने छैन् ।

(८) उद्योगमा काम गर्ने श्रमिक र उद्योगबीच उत्पन्न व्यक्तिगत वा सामुहिक विवादको समाधान श्रमसम्बन्धी प्रचलित कानुन बमोजिम हसनेछ ।

(९) श्रमिकको कारणबाट उद्योग संचालनमा तथा त्यस्को उत्पादनमा बाधा वा अवरोध पुग्ने गरि कुनै प्रकारका गतिविधी भई उद्योग बन्द भएमा त्यसरी उद्योग बन्द गर्ने वा काम नगर्ने श्रमिक तथा कर्मचारीलाई त्यसरी काम गाउँपालिकाकेको पारिश्रमिक उपलब्ध गराउन सम्बन्धीत उद्योग वा प्रतिष्ठान बाध्य हुनेछैन ।

**४१. करार गरि उत्पादन गर्नसक्ने :**

(१) प्रचलित कानुन बमोजिम दर्ता भई संचालनमा रहेको कुनै उद्योगले त्यस्तो उद्योगको उत्पादनको मुख्य उत्पादन बाहेक आफ्नो उत्पादनको कुनै भाग वा उद्योगलाई आवश्यक पर्ने सहायक वस्तु वा सेवा अन्य उद्योगसँग करार वा उपकरार गरि उत्पादन गर्न सक्नेछ ।

(२) कुनै निर्यातमूलक उद्योगको लागि तोकिएको बमोजिमको मापदण्ड पुरा गरि उपदफा (१) बमोजिम करार वा उपकरारका आधारमा निश्चित परिमाणमा वस्तु वा सेवाको उत्दापन गरिदिएमा त्यस्तो उद्योगलाई पनि तोकिए बमोजिमको छुट सुविधा र सहुलियत उपलब्ध गराउन सकिनेछ ।

(३) करार वा उपकरार गरि उत्पादन गर्न सकिने सम्बन्धी अन्य व्यवस्था तोकिदिए बमोजिम हुनेछ ।

**४२. दोहोरो सुविधा प्रदान नगरिने :**

(१) यस ऐन वा प्रचलित कानुन बमोजिम गाउँपालिकाले कुनै उद्योगलाई सेवा सुविधा वा सहुलियत प्रदान गर्दा दोहोरो पर्ने गरी कुनै सेवा, सुविधा वा सहुलियत प्रदान गर्ने छैन ।

(२) गाउँपालिकाले यस ऐन बमोजिम कुनै उद्योगलाई प्रदान गरेको सेवा सुविधा वा सहुलियतको जानकारी प्रदेश सरकारलाई दिनुपर्ने छ ।

४३. **बिद्युतीय माध्यमको प्रयोग गर्न सकिने** : उद्योग दर्ता तथा अन्य उद्योग प्रशासन सम्बन्धी तोकिएका कार्यहरु गर्न यस ऐन बमोजिम उद्योग प्रशासन काम कारबाही सरल र सहज बनाउन बिद्युतीय कारोवार सम्बन्धी प्रचलित कानुन बमोजिम बिद्युतीय माध्यमबाट सम्पादन गर्न सकिने गरी आवश्यक व्यवस्था गर्न सकिनेछ ।

४४. **उद्योग ग्राम, औद्योगिक क्लष्टर, औद्योगिक क्षेत्र विशेष आर्थिक क्षेत्र वा औद्योगिक करिडोर घोषणा गर्न सक्ने** : (१) बारेकोट गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी औद्योगिक विकासको लागि पर्याप्त सम्भावना र अवसर उपलब्ध रहेको गाउँपालिकाको कुनै भाग वा स्थानलाई मापदण्ड बनाई उद्योग ग्राम उद्योग ग्राम, औद्योगिक क्लष्टर, औद्योगिक क्षेत्र विशेष आर्थिक क्षेत्र वा औद्योगिक करिडोर घोषणा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम घोषणा गरिएका उद्योग ग्राम, औद्योगिक क्लष्टर, औद्योगिक क्षेत्र विशेष आर्थिक क्षेत्र वा औद्योगिक करिडोर यो ऐन तथा प्रचलित कानून बमोजिम अन्य उद्योगले पाउने सेवा, सुविधा तथा सहुलियत उपलब्ध गराईनेछ ।

४४. **कोष सम्बन्धी व्यवस्था** : (१) गाउँपालिकाले औद्योगिक विकास प्रर्वद्धन तथा संरक्षणका लागि निजी तथा सहकारी क्षेत्र समेतको सहभागीतामा आवश्यकता अनुसार देहायका कुनै वा सबै कोष खडा गर्न सक्नेछ :-

(क) लघु, घरेलु तथा साना उद्यम विकास कोष,

(ख) जोखम पूँजी भेन्चर (क्यापिटल) कोष,

(ग) प्रविधि विकास कोष/संचित कोष,

(घ) औद्योगिक लगानी संरक्षण तथा प्रवर्द्धन कोष,

(ङ) रुग्ण उद्योग पुनरुत्थान, पुननिर्माण तथा व्यवस्थापन कोष,

(च) महिला उद्यमशीलता विकास कोष/विपत अतिविपत उद्यमशीलता कोष,

(२) उपदफा (१) मा उल्लिखित कोषमा जम्मा हुने रकम, त्यस्ता कोषको व्यवस्थापन र संचालन सम्बन्धी कार्यविधी र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४५. **आवासीय भवन, अन्य भवन बनाउन वा वस्ती बसाउन नसकिने** : (१) यो ऐन प्रारम्भ भएपछि स्गापना हुने ओद्योगिक क्षेत्र तथा औद्योगिक कोरिडोरको नेपाल सकारले नेपाल राजपत्रमा वा गाउँपालिकाले स्थानीय जपत्रमा सूचना प्रकाशन गरी तोकेको क्षेत्र र दुरीभित्र कुनै पनि किसिमको आवासिय भवन वा अन्य भवन बनाउन वा वस्ती बसाउन सकिने छैन । त्यसै गरी प्रचलित कानूनले आवास क्षेत्र एवं प्रयोजनको लागि भनि तोकिएको क्षेत्रमा उद्योग स्थापना गर्न पाईने छैन ।

(२) उपदफा (१) बमोजिम तोकिएको क्षेत्र र दुरीभित्र रहेको कसैको निजी जग्गामा आवासीय भवन वा अन्य भवन वा वस्ती बसाउन नदिएको कारणबाट हानीनोक्सानी पुग्न जाने नेपाल सरकारले तोकिएको म्यादभित्र तोकिएको म्यादभित्र तोकिए बमोजिमको प्रकृया पुरा गरी सम्बन्धित व्यक्तिलाई मनासिब माफिकको क्षतिपूर्ति दिनुपर्नेछ ।

४६. **व्यावसायिक सामाजिक जिम्मेवारी** : (१) वार्षिक पन्ध्र करोड रुपैया भन्दा बढी कारोवार गर्ने उद्योगले वार्षिक मुनाफाको कम्तीमा १ प्रतिशत रकम व्यावसायिक सामाजिक जिम्मेवारी वहन गर्ने प्रयोजनार्थ प्रत्यक आर्थिक वर्षका लागि छुट्याइएको छ । सो बमोजिम छुट्याइएको रकम वार्षिक योजना तथा कार्यक्रम बनाई तोकिए बमोजिमका सिफारिश गर्नुपर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि प्रत्येक उद्योगले प्रत्येक आर्थिक वर्षमा भएको कारोवारको रकम र सो आर्थिक वर्षका लागि पेश गरिएको व्यावसायिक सामाजिक जिम्मेवारी वहन अन्तर्गतको योजना तथा कार्यक्रमको प्रगति विवरण सो आर्थिक वर्ष व्यतित भएको तीन महिना भित्र गाउँपालिका समक्ष पेश गर्नुपर्नेछ । सो विवरण साथ चालु आर्थिक वर्षको व्यावसायिक सामाजिक जिम्मेवारी वहनको योजना तथा कार्यक्रम समेत संलग्न गरिएको हुनुपर्नेछ ।

४७. **अधिकार प्रत्यायोजन** : यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम समितिलाई प्राप्त भएको अधिकार मध्ये केही वा सबै अधिकार समितिले आवश्यकता अनुसार प्रमुख प्रशासकीय अधिकृत वा गाउँपालिका आर्थिक विकास समितिसंयोजक वा यस ऐन अन्तर्गत गठिन भएको समिति वा उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

४८. **बाधा अड्काउ फुकाउने अधिकार** : यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले स्थानिय राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

४९. **अनुसूची हेरफेर वा थपघट गर्न सक्ने** ; गाउँ कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकता अनुसार हेरफेर, थपघटवा परिमार्जन गर्न सक्नेछ ।

५०. **नियम बनाउने अधिकार** : यस ऐनलाई कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियमावली बनाउन सक्नेछ ।

५१. **निर्देशिका, कार्यविधी वा मापदण्ड बनाई लागू गर्न सक्ने** : गाउँपालिकाले उद्योगको दर्ता नियमन सम्बन्धी काम कारवाहीलाई सरल बनाउन आवश्यकता अनुसार निर्देशिका, कार्यविधी वा मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

## अनुसूची-१
### (दफा ७ सँग सम्बन्धित)
## अनुमति लिनुपर्ने उद्योगहरु

१. हातहतियार गोलीगठ्ठा, बारुद उत्पादन गर्ने उद्योग,
२. विस्फोटक पदार्थ उत्पादन गर्ने उद्योग,
३. संरक्षात्मक छपाई (सेक्युरिटी प्रिन्टिङ) मुद्रा तथा सिक्का उद्योग,
४. चुरोट, विडी, खैनी, सिंगार तथा सुर्ती मुख्य कच्चा पदार्थ हुने वस्तु उत्पादन गर्ने उद्योग,
५. वियर तथा मदिरा उत्पादन गर्ने उद्योग,
६. ढुंगा गिट्टी, वालुवा उत्खनन् प्रशोधन गर्ने मझौला तथा ठुला उद्योग,
७. रेडियो संचार उपकरण उत्पादन गर्ने उद्योग,
८. बहुमुल्य खनिज उत्पादन गर्ने उद्योग,
९. प्रचलित कानून बमोजिमका अनुमति लिनुपर्ने अन्य उद्योग,

## अनुसूची-२

(दफा १५को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित)

## घरेलु उद्योगहरु

१. ह्याण्ड लुम, पेडललुम, सेमी-अटोमेटिक लुम, कपडा वार्पिङ्ग, परम्परागत प्रविधिबाट गरिने रंगाई तयारी पोशाक वाहेक र बुनाई
२. ऊन र रेशममा आधारित हात बुनाईका राडी, गलैंचा, पश्मिना, पोशाक, हातेकागज र सोमा आधारित वस्तु,
३. परम्परागत कलामा आधारित वस्तु,
४. परम्परागत मूर्तिकला,
५. तामा, पित्तल, ढलौट, कासँ र जर्मन सिल्भरजस्ता धातुबाट हस्तनिर्मित भाडा वर्तन तथा हस्तकलाका सामानहरु
६. फलामबाट बनेका हस्तनिर्मित भाडाँवर्तन तथा घरायसी प्योगका चक्कु चुलेसी खुकुरी हसिया कुटो कोदालो जस्ता परम्परागत औजारहरु
७. सुनचाँदीबाट हस्तनिर्मित गरगहना वस्तु भाडाँ वर्तनहरु बहुमुल्य तथा साधारण पत्थर जडान भएका समेत
८. स्वदेशमा उपलब्ध किमिति अर्ध किमति तथा साधारण पत्थर कटाई उद्योग ग्रामीण ट्यानिङ्ग छालाबाट हस्त निर्मित वस्तुहरु
९. जुट सवाइ घाँस चोया वावियो धागो अल्लो आदि प्राकृतिक रेशामा आधारित उद्योग
१०. पत्थरकला (ढुंगा, कुदी बनाइएका समानहरु)
११ .पोभा, थाङ्गा चित्र र अन्य परम्परागत संस्कृति दर्शाउने पुतली र खेलौना
१२. मुकुण्डा मास्क तथा परम्परागत संस्कृति दर्शाउने पुतली र खेलौना
१३. परम्परागत संस्कृति बाजागाजा र कला दर्शाउने विभिन्न प्रकारका हस्तकलाका वस्तुहरु
१४. काठ, हाड, सिङ्ग तथा माटो चट्टान र खनिजको कलात्मक वस्तुहरु सेरामिक्स तथा माटाका भाडाँकाडा
१५. हातले छाप्ने ईट्टा उद्योग

## अनुसूची-३

(दफा १५ को उपदफा (२) को खण्ड (क) सँग सम्बन्धित)

## ऊर्जामूलक उद्योग

१. जलस्रोत, वायु, सौर्य शक्ति, कोइला, प्राकृतिक तेल र इन्धन, वायोग्याँस, वायोमास, वा अन्यस्रोतहरुबाट ऊर्जा उत्पादन गर्ने उद्योग, त्यस्तो ऊर्जा उत्पादन गर्न गरिने मेशीन/उपकरण निर्माण गर्ने उद्योग,

२. विद्युत प्रसारण लाईन,

३. वैकल्पिक ऊर्जा,

४. विद्युत वितरण प्रणाली,

## अनुसूची-४
(दफा १५ को उपदफा (२) को खण्ड (ग) सँग सम्बन्धित)
## कृषि तथा वन पैदावरमा आधारित उद्योग

१. फलफुल खेती वा फलफुल प्रशोधन,
२. खाद्यवस्तु प्रशोधन,
३. पशुपालन पंक्षीपालन (अष्ट्रिच समेत), पशुपंक्षी प्रजनन र मासु उत्पादन तथा प्रशोधन,
४. दुध उद्योग (दुधका परिकार उत्पादन समेत)
५. मत्स्य पालन, माछा भुरा उत्पादन, प्रशोधन एवं प्याकेजिङ्ग
६. रेशम खेती तथा रेशम प्रशोधन,
७. चिया बगान, चिया प्रशोधन,
८. कफी खेती, कफी प्रशोधन,
९. जडिबुटी, जडीबुटी प्रशोधन,
१०. तरकारी वीउविजन उत्पादन,
११. तरकारी खेती, तरकारी प्रशोधन,
१२. हरित गृह स्थापना र संचालन,
१३. मौरीपालन (मौरी प्रजनन्, मह उत्पादनर प्रशोधन),
१४. पुष्प खेती, पुष्प प्रशोधन (माला बनाउने सजावट गर्ने गुच्छा बनाउने र वीउ विजन उत्पादन समेत)
१५, नर्सरी व्यवसाय,
१६. रवर खेती रवरको प्रशोधन र संचालन,
१७. शीतभण्डार कृषि बजार,
१८. सामुदायिक कबुलियती, साझेदारी र निजी वनको स्थापना र व्यवस्थापन,
१९. नगदे वालीको व्यावसायिक खेती तथा प्रशोधन (जस्तै ऊखु, कपास, सनपाट, सजिवन, स्वीट सरगम, स्टेभिया, रेवैडिएन, सुर्ती, जुट, अलैंची, अदुवा, केशर, तेलहन र यस्तै मसला वाली, दलहन)
२०. वेत, वास खेती र वेत वासँजन्य उत्पादनहरु,
२१. वनस्पति उद्यान स्थापना र संचालन,
२२. वीउविजन प्रशोधन र
२३. अन्य गैर काष्ठजन्य वन पैदावरमा आधारित ।

## अनुसूची-५

### (दफा १५ को उपदफा (२) को खण्ड (ङ) सँग सम्बन्धित)

### निर्माण उद्योग

१. सडक पुल, सुरुङ्ग
२. रोपवे, रेलवे, टाम, ट्रलिबस, केबुलकार, मोनोरेल, स्लाईडिङ्कार
३. हवाई धावन मार्ग विमानस्थल,
४. औद्योगिक संरचना एवं पूर्वाधार कम्प्लेक्स,
५. सभासम्मेलन केन्द्र,
६. ढल तथा ढल निकास,
७. खानेपानी आपूर्ति तथा वितरण,
८. सिंचाई पूर्वाधार,
९. खेलकुद गृह, रंगशाला,
१०. सवारी पार्किङ्ग स्थल, पार्किङ्ग गृह
११. निर्यात प्रशोधन क्षेत्र
१२ .विशेष आर्थिक क्षेत्र
१३. कागो कम्प्लेक्स
१४. दृषित पानी प्रशोधन केन्द्र
१५. टेलिफोन टावर, अप्टिकल फाईवर नेटवर्क
१६. घर तथा आवास भवन
१७. फिल्म सिटी निर्माण, फिल्म स्टुडियो निर्माण र
१८. व्यापारिक कम्प्लेक्स

## अनुसूची-६

**(दफा १५ को उपदफा (२) को खण्ड (च) सँग सम्बन्धित)**

## पर्यटन उद्योग

१. पर्यटक आवास, मोटेल, होटेल, रिसोर्ट तथा रेष्टुरा
२. ट्राभल ऐजेन्सी, टुर अप्रेटर, हिलिङ्ग सेन्टर, क्यासिनो मसाज स्पा
३. साहसिक पर्यटन स्किइङ्ग, ग्लाइडिङ्ग, वाटर र्याफुटिङ्ग, हट एयर व्यालुभिङ्ग, क्यानोनिङ्ग, प्यारा सेलिङ्ग, घोडचढी, हात्तीचढी, वन्जी जम्पिङ्ग, हिमाल आरोहरण र अवलोकन,
४. गल्फ कोस, पोलो, पोनी ट्रेकिङ्ग, पदयात्रा
५. ग्रामीण पर्यटन, होमस्टे तथा पर्यावरणीय पर्यटन,
६. सांस्कृतिक, धार्मिक, सभा सम्मेलन तथा खेलकुद पर्यटन,
७. मनोरञ्जन पार्क
८. वन्यजन्तु आरक्ष र
९. माउन्टेन फ्लाइट संचालन

## अनुसूची-७

(दफा १५ को उपदफा (२) को खण्ड (छ) सँग सम्बन्धित)

## सूचना, प्रविधि संचार तथा सूचना प्रशारण प्रविधिमा आधारित उद्योग

### खण्ड (क)

### सूचना प्रविधि उद्योग

१. टेक्नोलोजि पार्क
२. आई. टी. पार्क
३. वायोटेक पार्क
४. सफ्टवेयर विकास
५. कम्प्युटर तथा सम्बन्धित सेवाहरु
६. तथ्याङ्क प्रशोधन
७. साइवर क्याफे
८. डिजिटल म्यापिङ्ग
९. विजिनेस प्रोसेस आउटसोसिगं –(वि.पि.ओ.)

### खण्ड (ख)

### सूचना संचार प्रविधिमा आधारित उद्योग

१. ईन्टरनेट
२. टेलिफोन, मोबाईल टेलिफोन, मोबाईल स्याटलाईट टेलिफोन,
३. टेलिफोन सेवा
४. भु उपग्रह-(स्याटलाईट) स्थापना एवं संचालन भूउपग्रह प्रसार केन्द्र स्थापना-, भिस्याट
५. वोडव्याण्ड, पूर्वाधार, टेलिकम टावर, अप्टिकल नेटवर्क, स्याटालाईट नेटवर्क

### खण्ड (ग)

### सूचना संचार प्रविधिमा आधारित उद्योग

१. एफ.एम. रेडियो, डिजिटल रेडियो सेवा
२. डिजिटल भुसतही टेलिभिजन-, स्याटलाइट टेलिभिजन, केबुल टेलिभिजन
३. आइपि टिभी अनलाईन सेवा
४. डिजिटल केबुल टिभी नेटवर्क, डाइरेक्ट टु होम स्याटालाईट सेवा, एम. एम. डी एस नेटवर्क

५. रेकडिङ्ग स्टुडियो, प्रशारण स्टुडियो
६. प्रिन्ट मिडिया उद्योग, अडियो भिजुअल सामग्री उत्पादन उद्योग, विज्ञापन निर्माण उद्योग
७. सिनेमा उत्पादन, सिनेमा हल, मल्टिप्लेलक्स, सिनेमा हल, फिल्म सीटी निर्माण फिल्म स्टुडियो ।

## अनुसूची-८

(दफा १५ को उपदफा (२) को खण्ड (ज) सँग सम्बन्धित)

## सेवामूलक उद्योग

१. यान्त्रिक कार्यशाला
२. छापाखाना तथा छपाई सम्बन्धी सेवा
३. पेशागत अनुसन्धान तथा विकास, व्यवस्थापन, ईन्जिनियरिङ्ग तथा डिजाईन, कानुनी, लेखा, लेखापरीक्षण, शिक्षण प्रशिक्षण, शैक्षिक तथा प्राविधिक परामर्श सेवाहरु
४. जिनिगं तथा बेलिगं व्यवसाय
५. चलचित्र, निर्माण व्यवसाय
६. प्रर्दशनी सेवा
७. सांस्कृतिक तथा मनोरञ्जनात्मक व्यवसाय
८. सार्वजनिक यातायात व्यवसाय
९. अस्पताल, नर्सिगं होम
१०. फोटोग्राफी
११. शिक्षण वा प्रशिक्षण संस्था
१२. पुस्तकालय अभिलेख तथा संग्रहालय
१३. प्रयोगशाला
१४. हवाई यातायात सेवा तथा कार्गो सेवा
१५. खेलकुद सेवा
१६. शीत भण्डारण संचालन (गैह्र कृषिजन्य)
१७. हाउस वायरिंग इलेक्टीकल (फिटीगं र मर्मत)
१८. फोहोरमैला संकलन तथा सरसफाई, फोहोरमैला पुनः प्रशोधन, घर जग्गा खरिद गरी भूमि विकास गरी विक्री गर्ने व्यवसाय
१९. निर्माण सम्बन्धी भारी उपकरण भाडा, मर्मत तथा संचालन
२०. पशु चिकित्सा सेवा
२१. व्याट्री रिचार्जिगं
२२. स्वास्थ्य परीक्षण (एक्सरे-, सिटी स्क्यान, एम.आर.आई, अल्ट्रासाउन्ड जस्ता सेवाहरु) तथा स्वास्थ्य परीक्षण प्रयोगशाला,
२३. निर्माण भईसकेका पूर्वाधारहरुको संचालन गर्ने (जस्तै- सभा सम्मेलन भवन, खानेपानी आपूर्ति इन्धन तथा इन्धनजन्य ग्याँस आपूर्ति सम्बन्धी पाइप लाइन, गोदामघर तथा भण्डारण, विमानस्थल, बसपार्क, रंगशाला, स्पोर्टस कम्प्लेक्स, रोपेवे, सडक, सिचांई, विद्युत प्रशारण, विद्युत प्रशारण, विद्युत गृह, कार्गो कम्प्लेक्स, इनल्याण्ड क्लियरेन्स डिपो (आई सिडी) आदि सेवा संचालन गर्ने व्यवसायहरु ।

२४. खद्यान्न कुटानी, पिसानी र पेलानी तथा प्याकिंग गर्ने मसला प्याकिङ्
२५. कपडा तथा धागो रंगाई, साइजिङ् र कपडा छपाई (कपडा बुन्ने उद्योगले आफ्नो प्रयोजनको लागि गरेकोमा बाहेक)
२६. प्याकेजिंग, रिफिलिगं सेवा (एल पी जी ग्यासँ रिफिलिगं गर्ने स्टेशन समेत)
२७. कुरियर सेवा
२८. ब्युटीपार्लर
२९. सुरक्षा सेवा प्रदान गर्ने व्यवसाय
३०. प्रकाशन सेवा
३१. विज्ञापन सेवा
३२. विज्ञापन सामग्री तयार गर्ने सेवा
३३. समाचार सम्प्रेषण सेवा
३४. टेलिभिजनबाट प्रसारण गर्न बनाईएका कार्यक्रम र डकुमेन्ट्री टेली फिल्म उत्पादन तथा प्रसारण
३५. स्वाईल टेष्टसङ्ग सेवा
३६. स्वास्थ्य (हेल्थ) क्लब
३७. पानी ढुवानी तथा वितरण सेवा
३८. जुलोजिकल पार्क संचालन
३९. व्यवसाय प्रर्वद्धन सेवा (विजिनेस इन्क्यूवेसन सर्भिस)
४०. वैदेशिक सेवा
४१. सिनेमा हल (मल्टिप्लेक्स सहित)
४२. सिलाई कटाई (बुटिक समेत)
४३. खनिज अध्ययन तथा अनुसन्धान
४४. अनुसन्धान तथा विकास सेवा
४५. सरसफाई सेवा
४६. थोक तथा खुद्रा व्यवसाय सेवा

**आज्ञाले**
**लोकराज खत्री**
**प्रमुख प्रशासकीय अधिकृत**